सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
*Serving Your Financial Needs*

**Head Office:** Kupondole, Lalitpur
Tel: 01-5970005
Email: info@centralfinance.com.np
Web: www.centralfinance.com.np

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)

च.नं.: ११०३/०८१/८२

मितिः २०८२/०२/२८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषयः २८औं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०२/०४ मा सम्पन्न २८औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

भवदीय,

(गोबिन्द प्रसाई)
कम्पनी सचिव

# सेन्ट्रल फाईनान्स लिमिटेडको
# २८औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
# आर्थिक वर्ष २०८०/८१

सभा मिति : २०८२ साल ज्येष्ठ ०४ गते आइतबार

सभा समय : दिनको १०.०० बजे

सभा स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड

केन्द्रीय कार्यालय, कानदेवस्थान

कुपण्डोल, ललितपुर ।

# सेन्ट्रल फाईनान्स लिमिटेडको
# २८ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
# आर्थिक वर्ष २०८०/८१

सेन्ट्रल फाईनान्स लिमिटेडको २८औं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री संजोज मान श्रेष्ठज्यूको अध्यक्षता निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी निम्नानुसारको निर्णय गरी अठ्ठाइसौ साधारण सभा सम्पन्न भयो ।

१. **सभाको मिति, समय र स्थानः**

मिति : २०८२/०२/०४ गते आइतबार

समय : दिनको १०.०० बजे

स्थान : सेन्ट्रल फाइनान्स लिमिटेड, केन्द्रीय कार्यालय, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

२. **सभाको सुचनाः**

(क) यस वित्तीय संस्थाको मिति २०८२/०१/१२ गते शुक्रबारका दिन बसेको सञ्चालक समितिको ३५२ औ बैठकले निर्णय गरे बमोजिम संस्थाको अठ्ठाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३को दफा ६७(२) बमोजिम मिति २०८२ साल वैशाख १३ गते नयां पत्रिका दैनिक पत्रिकामा र मिति २०८२ साल वैशाख २८ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, वित्तीय संस्थाको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा पठाइएको ।

(ग) कम्पनी ऐन २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनु भन्दा २१ दिन अगावै तयार गरी संस्थाको केन्द्रिय कार्यालयमा शेयरधनीले निरिक्षण गर्न पाउने गरी व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, एनएमबि क्यापिटल लिमिटेड र श्री एन.अमात्य एण्ड कम्पनी चाटर्ड एकाउन्टेन्टस्लाई अनुरोध गरी पत्राचार गरिएको थियो ।

३. **अठ्ठाइसौ वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका विषयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात तथा मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने ।

सेन्ट्रल फाईनान्स लिमिटेड कुपण्डोल, ललितपुर स्था.: २०५३

३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ख) विविध:

४. **सभामा उपस्थिति:**

(क) **सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री संजोज मान श्रेष्ठ | अध्यक्ष |
| २. | श्रीमती चण्डिका श्रेष्ठ | सञ्चालक |
| ३. | श्री विश्व राम कवां | सञ्चालक |
| ४. | डा. किशोर हाकुदुवाल | सञ्चालक |
| ५. | श्री विद्याभूषण ध्वज जोशी | सञ्चालक |
| ६. | श्री प्रनेश बाटी | सञ्चालक |
| ७. | श्री अशोक कुमार पौडेल | सञ्चालक |

(ख) अन्य पदाधिकारीहरु

| | | |
|---|---|---|
| १. | श्री रजोज मान श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री नारायण प्रसाद भट्टराई | उप-महाप्रबन्धक |
| ३. | श्री गोविन्द प्रसाद प्रसाई | प्रबन्धक, कर्जा प्रसाशन विभाग/कम्पनी सचिव |
| ४. | श्री प्रविणा जोशी | प्रबन्धक, सञ्चालन विभाग |
| ५. | श्री जेनिश जोशी | प्रबन्धक, कर्जा जोखिम विभाग |
| ६. | श्री अच्युत उपाध्याय | प्रबन्धक, कानून तथा कार्यान्वयन विभाग |
| ७. | श्री गीर्ण जंग थापा | का.मु सहायक प्रबन्धक, कर्जा असुली विभाग |
| ८. | श्री सरिता श्रेष्ठ | वरिष्ठ अधिकृत, मानव संशाधन विभाग |
| ९. | श्री दिपेश साह | अधिकृत, लेखा विभाग |
| १०. | श्री अजय राज जोशी | अधिकृत, सूचना प्रविधि विभाग |
| ११. | श्री श्रृजना माथेमा | अधिकृत, प्रशासन तथा सामान्य सेवा विभाग |

(ग) पर्यवेक्षक तथा आमन्त्रित

| | | |
|---|---|---|
| १. | श्री भिमसेन बन्जारा | वरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| २. | श्री निवेश कायस्थ | एनएमबी क्यापिटल लिमिटेड |
| ३. | प्रकाश श्रेष्ठ | एन.अमात्य एण्ड कम्पनी चाटर्ड एकाउन्टेन्टस् |

५. **गणपूरक संख्या**

| विवरण | कुल संख्या | | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| | उपस्थिति | प्रोक्सी | जम्मा उपस्थिति | |
| शेयरधनी | १८७ | १७८ | ३६५ | ५२.५८ |
| शेयर संख्या | १५,०५,९४८ | ३४,८३,३१३ | ४९,८९,२३१ | |

६. **सभाको वैधानिकता तथा सभाको सभापतित्वः**

यो सभा कम्पनी ऐन, २०६३ को दफा ६९ मा व्यवस्था भए अनुसार बोलाइएको, दफा ६७(२) बमोजिम सबै शेयरधनीहरुलाई सूचित गरिएको र दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा वैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनु भई विधिवत सभाको कारवाही अगाडी बढाइयो । सञ्चालक समितिका अध्यक्ष श्री संजोज मान श्रेष्ठज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

७. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

यस वित्तीय संस्थाको २८औं वार्षिक प्रतिवेदन सभाका सभापति श्री संजोज मान श्रेष्ठज्यूले सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् सभापतिज्यूले लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८. **छलफको लागि आह्वानः**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नु भयो ।

९. **छलफलमा सहभागि भई आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुहुने तथा लिखित रुपमा सुझाव दिनुहुने शेयरधनी शेयरधनी महानुभावहरुः**

१. श्री जगन्नाथ आचार्य
२. श्री सुदिप श्रेष्ठ
३. श्री भेषराज भण्डारी
४. श्री ब्रम्हदेव शाक्य
५. श्री सत्रुघन श्रेष्ठ
६. श्री उद्धव प्रसाद घिमिरे
७. श्री बैजुनाथ रौनियार
८. श्री चन्द्र नारायण श्रेष्ठ
९. श्री रामगोपाल महर्जन
१०. श्री गोबिन्द बहादुर के.सी
११. श्री इन्द्र प्रसाद लामिछाने
१२. श्री रोज कुमार श्रेष्ठ
१३. श्री अमिर दास रन्जित
१४. श्री निरुपमा गुप्ता
१५. श्री इन्द्र कृष्ण श्रेष्ठ
१६. श्री युगल बस्याल
१७. श्री कृष्ण प्रसाद अधिकारी
१८. श्री नरसिंह लाल चखुँ
१९. श्री जितेन्द्र खयामली
२०. श्री डमरु वल्लभ घिमिरे
२१. श्री लक्ष्मण बहादुर श्रेष्ठ

सेन्ट्रल फाइनान्स लिमिटेड, स्था.: २०५३, कुपण्डोल, ललितपुर

१०. **शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई तथा लिखित रुपमा पेश गर्नु भएको जिज्ञासा, विचार, मन्तव्य वा सुझावहरुको सारांशः**

- आफ्नै भवन बनाई कारोवार सञ्चालन गरेको, निक्षेप बढेको राम्रो छ ।
- Return on Equity र Return on Assets राम्रो छ ।
- आर्थिक वर्ष सकिएको ६ महिना भित्र वार्षिक साधारण सभा गर्नुपर्नेमा ढिलो भयो समयमै साधारणसभा गर्नुहोला ।
- शेयरधनीले बुझ्न बांकी लाभांश बुझाउन कोशिश गर्नु होला ।
- शेयरधनीको हात खाली भयो, आगामी वर्ष प्रतिफलको आशा राखेका छौं ।
- निष्कृय कर्जा बढेर गएको हुँदा असुली कार्यमा तीव्रता ल्याउनु होला ।
- निक्षेप बढेको छ तर कर्जाको माग न्यून छ ।
- कर्मचारीको संख्या बढेको छ ।
- अन्य वित्तीय संस्थाले जस्तो growth गर्न सकेको छैन ।
- लेखा परिक्षण ढिलो भयो ।
- मर्जरमा जान सल्लाह सुझाव दिएको ।
- शेयरमा गरेको लगानी समयमै बिक्री गरेर नाफा लिन सक्नुपर्छ ।
- सफलताको शुभकामना ।

**११. जवाफको प्रस्तुतीकरणः**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई प्रमुख कार्यकारी अधिकृत रजोज मान श्रेष्ठले स्पष्ट गर्नुभयो । बाह्य तथा आन्तरिक कारण देशको अर्थतन्त्रमा परेको असरले गर्दा कर्जाको माग न्यून रहेकोले नयाँ कर्जा बढ्न नसकेको साथै कर्जा असुली कार्यमा देखिएको कठिनाइका कारण निष्कृय कर्जा बढेको र त्यसको प्रभाव वित्तीय संस्थाको वित्तीय विवरणमा परेको हो भन्दै आगामी दिनमा शेयरधनीहरुलाई प्रतिफल दिन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो । असुली कार्यमा अझ तिव्रता दिने, कर्जा लगानी बृद्धि गर्ने साथै शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई मनन गरी सम्भव भएसम्म आगामी दिनहरुमा कार्यान्वयन गर्दै जाने कुरा प्रस्तुत गर्नुभयो ।

अन्तमा शेयरधनी महानुभावहरुको उत्साहजनक उपस्थिती, अमुल्य सल्लाह, सुझावको उच्च सम्मान गर्दै निरन्तर रुपमा सहयोगको अपेक्षा गर्दै सबैलाई धन्यवाद दिनु भयो ।

१२. **सभाको प्रस्ताव तथा पारित निर्णयहरुः**

सभाका सभापतिबाट तोकिए बमोजिम प्रमुख कार्यकारी अधिकृतले जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

(क) **सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गरेको प्रतिवेदन पारित गर्ने सम्बन्धी

सभामा प्रस्तुत सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमा उल्लेखित विषय सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण पारित गर्ने सम्बन्धी

लेखा परीक्षण प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात तथा २०८० श्रावण १ गतेदेखि २०८१ असार ३१ गतेसम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

३. आ.व. २०८१/८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धी

लेखा परीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण गर्न लेखा परीक्षक श्री के.पि.एन.एण्ड एशोसियट्स (चार्टड एकाउन्टेण्टस्) लाई भ्याट बाहेक लेखा परीक्षण शुल्क जम्मा रु.५,००,०००/०० (अक्षरेपी पांच लाख रुपैया मात्र) र कर परीक्षण शुल्क, लङफर्म शुल्क, अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ को विवरण र लेखा परीक्षण गर्दा लेखा परीक्षणको टोलीलाई दिनुपर्ने खर्च साविकमा उपलब्ध गराएकोमा नबढ्ने गरी अन्य शुल्क दिने गरी लेखा परीक्षक नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) **विविध** : विविध शिर्षक अन्तर्गत अन्य छलफलको विषय बांकी नरहेकोले कुनै छलफल भएन ।

**१३. धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन:**

छलफल तथा निर्णयको क्रम समाप्त भई सकेपछि सौहार्द्रपूर्ण वातावरणमा २८ औं वार्षिक साधारण सभा सम्पन्न गर्न अमूल्य समय दिई सहयोग पुऱ्याउनु भएकोमा सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री संजोज मान श्रेष्ठज्यूले शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दै दिनको १२.३० बजे सभा बिसर्जन गर्नुभयो ।

गोबिन्द प्रसाई
कम्पनी सचिव

संजोज मान श्रेष्ठ
सभापति